फिदिमनगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम,पाँचथर
१नं. प्रदेश, नेपाल

प.सं.:०७६।०७७
चनं. :

मिति २०७७।०३।३१ गते

## अत्यन्त जरुरी सुचना

सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यबिधि, २०७५ अनुसार साविकमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीले श्रावण १ गते देखी पौष मसान्तभित्र परिचयपत्र नविकरण गर्न निवेदन दिन सक्ने व्यवस्था रहेको थियो।

हाल सामाजिक सुरक्षा नियमावली, २०७६ लागु भईसकेपछि सो नियमावलीको नियम ५ बमोजिम नयाँ योग्य व्यक्तिले आवेदन दिन सक्ने व्यवस्था छ। यसै गरी नियम ९ वमोजिम परिचयपत्र नविकरणका लागि प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र सामाजिक सुरक्षाका लाभग्राहीहरुले निवेदन गरिसक्नुपर्ने व्यवस्था भएको छ।

सो व्यवस्था अनुसार आगामी आ.व. २०७७/०७८ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहने योग्य लाभग्राहीले आफूले वसोवास गरि आएको वडा कार्यालयमा यही २०७७ श्रावण मसान्तभित्र आ-आफ्नो परिचयपत्र नविकरण गराउन नियम ९ वमोजिम आवेदन गर्न हुन यो सूचना गरिएको छ।

**समय नाघि प्राप्त हुने आवेदन उपर कार्वाही नहुने र सामाजिक सुरक्षा भत्ता पाउन योग्य नहुने व्यहोरा समेत जानकारी हुन अनुरोध छ।**

३।३१

अम्बिका प्रसाद अधिकारी
(प्रमुख प्रशासकीय अधिकृत)